लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.
LUMBINI GENERAL INSURANCE COMPANY LTD.
Head Office: PO Box No. 23100, Gyaneshwor, Kathmandu, Nepal, Toll Free No. 1660 01 07070
Phone: 01-4512004, 4511707, 4533214, Fax: 01-4511692, Email: info@lgic.com.np

URS ISO 9001 UKAS MANAGEMENT SYSTEMS 043
ISO 9001:2015 Certified Company

च.नं.:१००८ २०७९/०८०

मिति: २०७९/११/२६

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : शेयर कारोवार रोक्का राख्ने सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा सगरमाथा इन्स्योरेन्स कम्पनी लि. र लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. एक आपसमा गाभ्ने गाभिने सम्वन्धमा नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्डबाट गाभ्न/गाभिन अन्तिम स्वीकृति प्राप्त भएको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिम दुबै कम्पनीहरु गाभ्न गाभिन स्वीकृति प्राप्त भई कम्पनीको नाम सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड कायम भई आएको ब्यहोरा जानकारी गराउंदछौं ।

मिति २०७९/११/२४ मा बसेको संयुक्त मर्जर समितिको बैठकबाट गाभिए पश्चातको कम्पनी सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडका नामबाट मिति २०७९/११/२९ गते देखी एकीकृत ब्यवसायिक कारोवार प्रारम्भ गर्ने निर्णय गरी नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त भई आएकोले नेपाल धितोपत्र बोर्डबाट जारी संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्वन्धी निर्देशिका, २०७९ बमोजिम गाभ्ने गाभिने कम्पनीको शेयर मिलान, धितोपत्रको पुन: दर्ता धितोपत्रको अभौतिकिकरण तथा सूचिकरण प्रयोजनका लागि कम्पनीको एकिकृत ब्यवसायिक कारोवार प्रारम्भ गरेको मिति: २०७९/११/२९ गते देखी १५ दिनका लागि यस कम्पनीको शेयर कारोवार रोक्का राखी दिनु हुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

LUMBINI GENERAL INSURANCE COMPANY LTD. लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

भवदीय,

देवेन्द्र कोइराला
कम्पनी सचिव

बोधार्थ:
श्री, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ,ललितपुर ,
श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, काठमाण्डौ ।
} आवश्यक जानकारीका लागि